महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## कालीगण्डकी गाउँपालिका, गुल्मी

## ८०५५२५०२३००

## कालीगण्डकी गाउँपालिका , गुल्मी

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**


प.सं.:२०८१/८२ मिति : २०८१-६-१३

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
कालीगण्डकी गाउँपालिका, गुल्मी ,
कालीगण्डकी गाउँपालिका , गुल्मी

लेखापरीक्षण ऐन¸२०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व,/धरौटी अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति . २०८१।५।११ मा छलफल पश्चात् तयार गरिएको पाना ४७ (सटचालिस ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन¸२०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।


https://nams.oag.gov.np

कृष्ण प्रसाद पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौँ - प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, राप्ती उपत्यका, देउखुरी, दाङ - प्रतिवेदन समलग्न छ ।, pardeshlekha05@gmail.com

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गुल्मी - प्रतिवेदन संलग्न छ ।, gulmi.dtco@fcgo.gov.np

श्री लेखा ईकाइ कार्यालय, गुल्मी - प्रतिवेदन संलग्न छ ।, gulmi.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७वडा१०१.२ वर्ग किलोमिटर क्षेत्रफल तथा १५०४४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिबेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।७ देखि २०८१। ५। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिबेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिबेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिबेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन अन्तरसरकारी अख्तियारी तर्फ रु. १३,४४,६६,१०७, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ४६,९८,६६,६७०, आय – व्ययतर्फ गरी जम्मा रु. ६०,४३,३२,७७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा कर्मचारीहरुको पारीश्रमिक कर घटी कट्टी गरेको रु. ६६०३८ लेखापरीक्षणमा औल्याएपछि असुल गरी दाखिला प्रमाण . पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बित्तीय बिबरण परीक्षण**

२.१ पालिकाबाट पेश भएको बार्षिक एकिकृत बित्तिय बिबरण ( म. ले. प. फा. न. २७० ) अनुसार आर्थिक कारोबारको स्थिति निम्नानुसार छ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,५९,३१,१६२.२४ | ० | ७,५९,३१,१६२.२४ | ७,१९,०५,७२८.९८ | ० | ७,१९,०५, |
| १३००० | अनुदान | | ३४,६२,५२,०९०.१३ | ० | ३४,६२,५२,०९०.१३ | ३६,१०,२७,०९०.०० | ० | ३६,१०,२ |
| १४००० | अन्य राजस्व | | ३,२६,७८,१३९.२५ | ० | ३,२६,७८,१३९.२५ | ३,३०,७०,८१६.८५ | ० | ३,३०,७०, |
| १५००० | विविध प्राप्ति | | ५,१२,६१८.०० | ० | ५,१२,६१८.०० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ४५,५३,७४,००९.६२ | | ४५,५३,७४,००९.६२ | ४६,६०,०३,६३५.८३ | | ४६,६०,० |
| ३ | चालु | | ३२,७२,११,१५९.८२ | ० | ३२,७२,११,१५९.८२ | ३४,१८,८८,४४७.७५ | ० | ३४,१८,८ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,७५,९५,६५४.०० | ० | २३,७५,९५,६५४.०० | ४,९१,८६,४९९.०० | ० | ४,९१,८६, |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,०३,९६,२०७.८२ | ० | ८,०३,९६,२०७.८२ | १०,०२,६९,२१६.७५ | ० | १०,०२,६ |
| २५००० | सहायता (Subsidy) | | १६,४३,०००.०० | ० | १६,४३,०००.०० | ९९,७८,९७८.०० | ० | ९९,७८,९ |
| २६००० | अनुदान | | ० | ० | ० | १७,५७,३०,१९९.०० | ० | १७,५७,३ |
| २७००० | सामाजिक सुरक्षा | | ४९,७३,०५७.०० | ० | ४९,७३,०५७.०० | १८,८०,०००.०० | ० | १८,८०,० |
| २८००० | अन्य खर्च | | २६,०३,२४१.०० | ० | २६,०३,२४१.०० | ४८,४३,५५५.०० | ० | ४८,४३,५ |
| ४ | पूंजीगत | | १२,६५,४१,४७७.१३ | ० | १२,६५,४१,४७७.१३ | १३,७६,०७,४७२.०० | ० | १३,७६,० |
| ३१११० | भवन तथा संरचना | | ४२,३७,६१३.०० | ० | ४२,३७,६१३.०० | १,२२,८९,०४०.०० | ० | १,२२,८९, |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४५,६५,०००.०० | ० | ४५,६५,०००.०० | ५३,५१,८५५.०० | ० | ५३,५१,८ |
| ३११३० | अन्य पूँजीगत खर्च | | २६,९७,६०३.०० | ० | २६,९७,६०३.०० | २९,२४,०४३.०० | ० | २९,२४,० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,९४,००,१७५.१३ | ० | १०,९४,००,१७५.१३ | ११,६४,२७,६३४.०० | ० | ११,६४,२ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | १,००,०००.०० | ० | १,००,०० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगत सुधार खर्च | | ३१,४१,०८६.०० | ० | ३१,४१,०८६.०० | ५,१४,९००.०० | ० | ५,१४,९० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | २५,००,०००.०० | ० | २५,००,०००.०० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४५,३७,५२,६३६.९५ | | ४५,३७,५२,६३६.९५ | ४७,९४,९५,९१९.७५ | | ४७,९४,९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १६,२१,३७२.६७ | | १६,२१,३७२.६७ | (१,३४,९२,२८३.९२) | | (१,३४,९२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | | १४,७०,२९९.०० | | १४,७०,२९९.०० | २४,७३,२८५.११ | | २४,७३,२ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ३०,९१,६७१.६७ | | ३०,९१,६७१.६७ | (१,१०,१८,९९८.८१) | | (१,१०,१८ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | १,९७,२१,९८२.२३ | | १,९७,२१,९८२.२३ | ३,२६,५८,५८५.३५ | | ३,२६,५८, |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २,२८,१३,६५३.९० | | २,२८,१३,६५३.९० | २,१६,३९,५८६.५४ | | २,१६,३९, |

सैद्धान्तिक बेरुजु

२.२ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३

वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२१०६९१०७।,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १२६८७०००।र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ७१००००।गरी समेत १३४४६६१०७ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, त्रैमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, १ वटा नियमावली, २५ कार्यविधि सहित ३५ वटा कानुन निर्माण गरेकोमा सबै ऐन नियम कार्यविधिको पालना गरी कार्यान्वियन गरेको देखिएन । पालिकाले स्वीकृत गरेका कानुन पालिकाको वेभसाइटमा केही मात्र राखेको देखियो। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी बेभसाइडमा समेत राखी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १२ विवाद दर्ता भएकोमा ११ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **सेवा प्रवाहको स्थिति**

६.१ यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।सेवाप्रवाह र कार्यसम्पादनको सुचक विना सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन। पालिकाको वार्षिक भौतिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्य सम्पादन हुनुपर्दछ।

| विवरण | व्यक्तिगत घटना दर्ता संख्या |
|---|---|
| जन्मदर्ता | ७२८ |
| मृत्युदर्ता | १७८ |
| बसाईसराई दर्ता | १६२ |
| विवाह दर्ता | २०९ |
| सम्बन्धविच्छेद दर्ता | १३ |
| सामाजिक सुरक्षा नँया दर्ता | २०५ |
| सामाजिक सुरक्षा नविकरण | २१६९ |
| सामाजिक सुरक्षा लगत कट्टा | १६५ |
| कालोपत्रे सडक निर्माण | ३०० मिटर |
| नयाँ ट्रायाक | २.६८५ कि.मि. |
| नालि | ०.३६७ कि.मि. |

सैद्धान्तिक बेरुजु

६.२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ संगठन तथा कर्मचारी व्यवस्थापन

७.१ तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन,२०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबि प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४९ कर्मचारीको रु. २,५८९०८१४।,र पालिकाकातर्फ १३ कर्मचारीको रु. ६६०७२४१। गरी रु. ३२४९८०५५- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने हुदा तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.२ दरबन्दी तथा पदपूर्ति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन

संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित १३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा शाखा प्रमुखा, इन्जीनियर, जनस्वास्थ्य अधिकृत,अधिकृतस्तर छैटौं लगायत विभिन्न २० पदहरु रिक्त रहेका छन्। पालिकाले रिक्त पदहरु मध्ये सहायक महिला विकास निरीकक्ष पद बाहेक इन्जिनियर, सब इन्जिनियर,शिक्षा अधिकृत र प्रशासन चोथो,पाँचौ,छैठौं लोकसेवा आयोगमा पदपूर्तिका लागि माग गरेकोमा पदपूर्ति भइ नआएको जनाएको छ।रिक्त रहेको शिक्षा शाखामा काजमा मावि शिक्षक र प्रावि शिक्षक ल्याइ कार्यसम्पादन गरेको देखियो।यसरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.३ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। पालिकाले जनशक्तिको अभाब देखाइ एउटा वडा सचिवलाइ ३ वटा सम्म वडाको जिम्मेवारी दिएको देखियो। एक जना कर्मचारीले ३ वटा वडामा कार्यसम्पादन गर्दा कुशल र छरीतो कार्यसम्पादन हुने देखिदैन। रिक्त पदहरुको पदपूर्ति गरी कार्यसम्पादन छिटो छरितो बनाउनु पर्दछ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | | रिक्त वडा सचिव |
|---|---|---|---|---|
| ७ | ७ | ३ | | ४ |

सैद्धान्तिक बेरुजु

७.४ अवकाश कोष -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यस बर्ष पालिकाबाट कर्मचारी कल्याण कोषका लागी रु १० लाख बिनियोजन गरेको भएतापनि स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरेको देखिएन। पालिकाले कर्मचारी कल्याण कोष सम्वन्धि ऐन निर्माण गरी तोकिए बमोजिम कट्टा गरी कोषको सञ्चालन गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

## ८ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | १७६ | १९ | १ | १० | १४६ |

सैद्धान्तिक बेरुजु

## ९ बजेट तथा कार्यक्रम

९.१ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२ करोड ६५ लाख ४१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएतापनि खरिद योजनाले तोके अनुसार सेड्युल अनुसार खरिद कार्य गरेको देखिएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा गत वर्षको वास्तविक खर्च चालु वर्षको संशोधित अनुमान र आगामी वर्षको प्रक्षेपण गर्नुपर्नेमा आगामी वर्षको प्रक्षेपण मात्र गरेको देखियो। जसबाट गत वर्षको कार्यक्रम र चालु वर्षको संशोधित खर्चसंग प्रक्षेपण गरिएको रकम विश्लेषण गर्न सकिएन साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि तोकिएको समयमा कार्यसम्पादन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.३ बजेट पेश, पारित र अख्तियारी – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।०३।५ मा रु. ५२ करोड ८१ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३१ मा पारित गरि मिति २०८०।०४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको छ।

सैद्धान्तिक बेरुजु

९.४ योजना छनौट — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ। योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन ।उपलब्ध वजेट वडागत रूपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको सँख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ। साना योजनामा पुजीगत खर्च भएको कारण दीर्धकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्वय समेत हुन सकेको देखिएन। तसर्थ

स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.५ योजना प्राथमिकीकरण -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न अनुसार कुल १७६ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७६ | २६ | २३ | १२७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमी हुने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९.६ आवधिक योजनाको कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने ब्यबस्था बमोजिम यस पालिकाले यस बर्ष आवधिक योजना परामर्सदाताबाट तयार गरी प्रतिबेदन लिएको भएतापनि पालिकाले आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना अनुसार सालबसाली साना टुक्रे योजनामा नियन्त्रण गरी दिर्घकालिनरुपमा प्रतिफल प्राप्त हुने योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.७ त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२६५४१४७७.१३ | ३०५३२४१ | ६३९१७१३ | २८३६०९८७.१३ | ८८७३५५३६ | ६२०१०२३२ |
| प्रतिशत | ८६.२३ | २.०८ | ४.३५ | १९.३३ | ६०.४७ | ४२.२६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक खर्च रु.१२६५४१४७७ प्रथम त्रैमासिकमा रु.३०५३२४१(२.०८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६३९१७१३ (४.३५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २८३६०९८७.१३ (१९.३३ प्रतिशत) ,चौथो त्रैमासिकमा ८८७३५५३६७ (६०.४७ प्रतिशत) र आषाढ महिनामा मात्र रु. ६२०१०२३२ (४२.२६ प्रतिशत) खर्च देखिएको छ। आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च

हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। आर्थिक वर्षको अन्त्यमा अधिकतम निर्माण कार्य गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा अत्याधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.८ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | विनियोजन | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५७९०२३०० | ४७८४१७४१ | १०.५४ |
| २ | सामाजिक विकास | २७६२६१००० | २४१८४४८०१ | ५३.२९ |
| ३ | पूर्वाधार विकास | ६३३६०००० | ५५०९८५९८.१३ | १२.१५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४२५०००० | १४००३८४२ | ३.०९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२०५३७७०० | ९४९६३६५४.८२ | २०.९३ |
| कुल जम्मा | | ५३२३११००० | ४५३७५२६३६.९५ | १०० |

पालिका उपलब्ध गराएको विवरण अनुसार कुल बजेट विनियोजनको तुलनामा ८५.२४ प्रतिशत खर्च गरेको छ । त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५३.२९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा घटी ३.०९ प्रतिशत खर्च गरेको छ । पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिगत बर्ष नै आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएतापनि त्यस्तो प्रणालीमा उल्लेख भए अनुसार लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार

नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापन तर्फ

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण खुलाई भ्रमण पश्चात भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख भएको भ्रमण प्रतिवेदन लिने नगरेको,

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरुको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) माअद्यावधिक नगरेको,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती

अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाईवितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो अनुसार पालना भएको पाईएन।

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ आर्थिक सहायता तथा वितरण

११.१ वितरणमुखी कार्यक्रम: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा स्थानीय तहले उत्पादनमूलक, रोजगारी सिर्जना गर्ने प्रकृतिका योजनामा लगानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले सुत्केरी/ गर्भवती महिलासंग उपाध्यक्ष कार्यक्रम स्वीकृत गरी गर्भवती महिला १२७ जना र सुत्केरी महिला ११२ जनालाई रु ३९८५४४ को पोसिलो झोला सेट, लोकल कुखुराको भाले,अण्डा,चना लगायतको सामाग्री खरिद गरी वितरण गरेको देखियो।यस्तो वितरणमुखी कार्यक्रमको खर्च आन्तरिक स्रोतबाट गर्नुपर्नेमा संघीय वित्तीय समानीकरण अनुदानबाट भुक्तानी नियमसंगत देखिन्दैन। समानिकरणको अनुदानबाट यस्तो खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.२ **बिपन्न नागरीक स्वास्थ्य सहयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस बर्ष विपन्न नागरिक स्वास्थ्य सहयोग कार्यक्रममा समानिकरण अनुदानबाट बिपन्न नागरीक औषधी उपचार आर्थिक सहायता कार्यक्रम सन्चालन कार्यबिधि २०८० बमोजिम बजेट बिनियोजन गरी क्यान्सर, मुटु रोग, मृगौला रोगी, हेड इन्ज्युरी, ब्रेन ट्युमर र हात खुट्टा भाचिएका बिरामीहरुलाइ बिपन्नको पहिचान खुल्ने आधार र प्रमाण संलग्न नगरी वडा कार्यालयले सिफारिस र बिरामी आफैले स्वघोषणाको आधारमा प्रति ब्याक्ति रु ५

हजार देखि रु २५००० सम्म रु ११८५००० सहायता वितरण गरेको देखियो। यस्तो प्रकृतिको विरामीलाई संघीय सरकारबाट समेत वजेट विनियोजन भइ उपलब्ध गराएकोमा स्थानीय निकायबाट थप सहायता दिदा दोहोरो नपर्ने गरी अभिलेख राखेको देखिएन।यस्तो आर्थिक सहायता खर्च पालिकाले आफ्नो आन्तरिक आयले धान्ने गरी गर्नुपर्नेमा विकास निर्माणको लागि प्राप्त समानिकरण अनुदानबाट दिएको उचित देखिएन।

सैद्धान्तिक बेरुजु

१२ **अबण्डा बिनियोजन र खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष एकमुष्ट तथा कार्यक्रमगत रु. ५ करोड ७४ लाख अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको पटक पटकको निर्णयले अबण्डागरी बिभिन्न योजना तथा कार्यक्रममा रु. ५ करोड ४५ लाख ८५ हजार खर्च गरेको देखियो।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनु पर्दछ ।

| योजना/ कार्यक्रमको नाम | एकमुष्ठ तथा कार्यक्रमगत वजेट विनियोजन | खर्च रकम |
|---|---|---|
| शिक्षक कर्मचारी पारीश्रमिक गाउंपालिका अनुदान | १३६००००० | ९५०२००० |
| गाउपालिका शिक्षक अनुदान | १३८००००० | १३६४३००० |
| फुटकर योजनाहरु | २५००००० | २५००००० |
| कृषि तथा पशु उद्यम | १००००००० | ९९१५००० |
| रेडक्रस FCWT म्याचिङ्ग | २५००००० | २५००००० |
| वडा नं.३ सवै कार्यक्रम | २०००००० | १०६३००० |
| नेपाल जलबायु नमुना कार्यक्रम | १०००००००० | ९९६२३१४ |
| जम्मा | ५४४००००० | ४९०८५३१४ |

सैद्धान्तिक बेरुजु

१३ **जिन्सि निरीक्षण तथा व्यवस्थापन**

१३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ जिन्सी व्यवस्थापन - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। गाउँपालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरी एउटै कर्मचारीलाई एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ। एक भन्दा वढी सामग्री लिएका कर्मचारीबाट

उक्त सामग्री फिर्ता लिनुपर्दछ।

| **कर्मचारीको नाम** | **जिन्सी सामग्री** | **सामग्रीको विवरण** |
|---|---|---|
| सत्यनारायण यादव | ल्यापटप | २ थान |
| ओम वहादुर थापा | ल्यापटप | २ थान |
| चोक वहादुर श्रीस | ल्यापटप | २ थान |
| देव सुनार | ट्याव | २ थान |

सैद्धान्तिक बेरुजु

१४ **कर दस्तुर एवं आन्तरिक आय**

१४.१ आन्तरिक आय -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४१८८३४९९३ | ३५९२५४१७ | ८.५७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४.२ आन्तरिक राजस्व अनुमान तथा असुली: यो वर्ष गाउँपालिकाले जम्मा रु. ३७९५३३०० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा समग्रमा रु. ३५९२५४१७ आम्दानी भइ लक्ष्यको तुलनामा ९४.६५ प्रतिशत आम्दानी गरेको देखियो । सम्पती कर, कृषितथा पशुजन्य वस्तुको कर, नाता प्रमाणित दस्तुर व्यवसाय कर समेत १० शिर्षकमा अनुमान नगरी आम्दानी गरेको देखियो। पालिकाले राजश्वको आय अनुपान गर्दा राजश्वका सबै क्षेत्र पहिचान नगरेको कारण प्राप्त हुन आएको राजश्व मात्र बुझेको कारण अनुमान नगरेको शीर्षकमा समेत आम्दानी भएको देखियो।गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने बास्तबिक आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. १११) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११२), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

| वार्षिक अनुमानित आय | अनुमान | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | 0 | ७१०१६० | 0 |
| भुमिकर/मालपोत | २००००००. | १४१९६६९ | ७१ |
| वहाल भुक्तानी गर्ने | ० | ४७९३७६ | ० |
| व्यवसाय कर | २०००००० | २१४७३ | १.०७ |
| कृषितथा पशुजन्य वस्तुको कर | ० | २५५० | ० |
| अन्य कर | २०००००० | ७१४७३० | ३५.७३ |
| अन्य बिक्रीबाट प्राप्त रकम | ० | १८२६५० | ० |
| विद्युत सेवा शुल्क | ३००००००० | ३००० | ०.०१ |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | ७९६९५ | |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | ३९००० | |
| सिफारिश दस्तुर | १०००००० | ६६९७८८ | ६७.९७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | २६७५५० | २६.७५ |
| नाता प्रमाणित दस्तुर | ० | १२९६१० | ० |
| अन्य दस्तुर | ० | ६७६६६० | ० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५००००० | ५३८४४ | ३.५८ |
| विद्युत सम्बन्धी दस्तुर | ० | ३२३६१४ | ० |
| अन्य राजस्व | ४५३३०० | ३०१५२०४८ | ६६५१.६७ |
| व्यवसाय कर | ० | २६६६७९ | 0 |
| कुल जम्मा | ३७९५३३०० | ३५९२५४१७ | ९४.६५ |

सैद्धान्तिक बेरुजु

१४.३ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १५ लाख कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । यस बर्ष मसलन्द कार्यालय सामाग्री रु ४७ लाख, र नेपाल जलबायु नमुना कार्यक्रममा एकमुष्ट रु १ करोड समेत कुल रु १ करोड ४७ लाख बिनियोजन गरी उपभोक्त समिति, सप्लायर्स र निर्माण ब्याबसायीबाट सोझै खरिद तथा निर्माण कार्य गरी मसलन्द कार्यालय सामाग्रीमा रु ३८,६९,६७१, र नेपाल जलबायु नमुना कार्यक्रममा बिभिन्न मितिको कार्यपालिकाको निर्णयले योजना तथा कार्यक्रममा रु ९९६२३१४ खर्च गरेको देखियो। उक्त कार्य एउटै सप्लायर्स तथा निर्माण ब्याबसायीबाट पटक पटक समेत खरिद गरेको देखियो। योजना तथा कार्यक्रम टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत बार्षिक खरिद योजना अनुसार शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा खरिद गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **विभागीय दर भन्दा वढी दरमा भुक्तानी** (१२-२०८१-७-२२):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी गर्दा चेकजाँच गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। वडा नं.२ मोटर वाटो सफाई कार्यका लागि पालिकाले सुचीकृत वाट दर रेट लिई stripping of top soil – १३१७४.८८ घ.मि. प्रति घनमिटर ३९.०६ र land slide removal worker १०२०.२४ घ.मी. ५९.१३ प्रति इकाई दरमा रु.५७७९३७। को लागत अनुमान स्वीकृत गरी न्यू.आर.आर. कन्ट्रक्सन वाट सोझै खरिद कार्य गराउंदा सडक सरसफाई कार्यको विभागिय दर प्रति इकाई रु.७२। का दरले भुक्तानी गरेको देखिएकोले विभागीय दर भन्दा वढी दरमा भुक्तानी गरेको मु.अ.कर समेत रु.३५९२२। असूल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३५,९२२ |
|---|---|

१७ **जिन्सी दाखिला तथा अनुगमन** (108-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । दुर्गा भवन मा.वि.भुर्तुङ्ग-७ लाई प्राविधिक घारवाट संचालित ल्याव व्यवस्थापन संघीय शसर्त चालु रु.२०००००। अनुदान दिएकोमा ल्याव सामाग्री खरीद गरी खप्ने जिन्सी खातामा दाखिला गरेको रितपूर्वकको दाखिला प्रतिवेदन तथा ल्याव संचालन खर्च भएको अनुगमन प्रतिवेदन समेत संलग्न गरेको नदेखिएकोले दाखिला प्रमाण तथा अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | २,००,००० |
|---|---|

१८ **प्रमाण पेश नभएको** (१८१-२०८१-३-२०):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी गर्दा चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। एम.आइ.एस अप्रेटर चोक वहादुर श्रीसलाई २०८१।२।१३ देखी २।१७ सम्म वुटवलमा संचालित वायोम्याट्रीक भेरीफिकेशन तालिममा सहभागी भएको दैनिक भत्ता रु.१०३००। र २०८१।२।१८ देखि २०८१।२।२४ सम्म वुटवलमा संचालित लैंगिक समानता तथा समावेसीकरण सम्वन्धी तालिमको दैनिक भत्ता रु.११५००। गरी रु.२१८००। भुक्तानी गरेकोमा उक्त तालिम प्रदेश सुशासन केन्द्र नेपालगञ्जवाट संञ्चालन गरेकोले सम्वन्धित आयोजकवाट खान वस्न व्यवस्था नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २१,८०० |
|---|---|

१९ **सामाजिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी

उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पुरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा बिबरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२० **रकमान्तर**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ (संशोधन सहित) को परिच्छेद ५ को वजेट कार्यान्वयन कार्यविधिको वुंदा नं.५,३,६ मा वजेट तर्जुमा गर्दाका बखत भएका त्रुटी सच्याउन माग भई आएको वाहेक पहिलो त्रैमासीक अवधी सम्म रकमान्तर सम्वन्धी स्वीकृत लिन नहुने, रकमान्तर सम्वन्धी कार्य जेष्ठ महिना पछि गर्न नहुने र रकमान्तर गर्नुपर्दा कारण सहितको पुष्ट्याई साथ घटाउनु पर्ने र वढाउनु पर्ने वजेट शिर्षक उल्लेख गरी पेश गर्नुपर्ने ब्यबस्था छ। पालिकाले यस बर्ष स्वीकृत भएका १२ योजना तथा कार्यक्रकमको रु २ करोड ८९ लाख बजेट घटाइ थप ३३ वटा योजना तथा कार्यक्रममा पुरै रकम थप रकमान्तर गरेको देखियो। निम्नानुसारका पुर्वाधारका योजना छनौट गरेकोमा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वियन हुन नसक्नाको आधार र कारण बेगर उक्त योजनामा बिनियोजन गरेको पुरै रकम छनौट प्रकृयामा नपरेका योजना तथा कार्यक्रममा बिनियोजन गरी कार्यान्वयन गरेको देखियो। स्थानिय सरकार सन्चालन ऐन अनुसार छनौट प्रकृया पुरा गरेका योजना मात्र कार्यान्वयन गर्ने र एक पटक प्रकृया पुरा गरी छनौट भएका योजना तथा कार्यक्रम स्पस्ट आधार र कारण बेगर हटाउने प्रबृतीमा नियन्त्रण हुनु पर्दछ।

| सभाबाट छनौट योजना\ कार्यक्रमको नाम | बिनियोजन रकम रु हजारमा | थप योजना\ कार्यक्रमको नाम | बिनियोजन र खर्च रकम रु हजारमा |
|---|---|---|---|
| सूचना प्रणाली सफ्टवेयर निर्माण विकास | ५०० | छहरेखोला ट्रस ब्रिज निर्माण | ९७७ |
| देउराली मा वि भवन खड्गकोट | १००० | शिव मन्दिर निर्माण वडा नं ६ चिउरिवोट | १०० |
| फुटकर योजनाहरु | २५०० | डिभिजन वन कार्यालयको सहकार्यमा वडा नं ४मा रहेको नर्सरि व्यवस्थापन | ६०० |
| प्रशासकीय भवन निर्माण | १०००० | बरल्वा रम्फइ सपांदे लुङ सडक | ४००० |
| VERSP-MIS सम्बन्धि तालिम तथा अभिमुखिकरण कार्यक्रम | ५०० | मरम्पा खानेपानि योजना रेडक्रस संगको साझेदारि | २१५ |
| अन्य ७ चालु कार्यक्रम | १४४०० | कालिगण्डकी ६ उर्लेनी पुल संरक्षणको लागि नालि र पर्खाल निर्माण | ६०० |
| | | गाउँपालिका ट्रस भवन निर्माण | ४५० |
| | | कृषि उपज संकलन तथा बजार व्यवस्थापन | १००० |
| | | पूँजीगत अनुसन्धान तथा परामर्श | १२०० |
| | | कृषि तथा पशु उद्धम कार्यक्रम | ३२९३ |
| | | विविध खेलकुद कार्यक्रम | ६०० |
| | | छिस तटबन्ध निर्माण | १०० |
| | | राष्ट्रपति रनिङशिल्ड कार्यक्रम | १००० |
| | | कृषि तथा पशु उद्धम कार्यक्रम | २३०० |
| | | आधिखोला आमा समुह कालिगण्डकी ७ सौचालय तथा खानेपानी चेम्बर निर्माण | १०० |
| | | अन्य कार्यक्रममा थप | १२३६५ |
| जम्मा | २८९०० | | २८९०० |

| सि.नं. | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | कृषि उपज संकलन तजा वजार व्यवस्थापन | १०००००० |
| २ | छहरेखोला ट्रस व्रिज निर्माण | ९७७००० |
| ३ | स्थानीय मदिराजन्य पेय पदार्थ ल्याव व्यवस्थापन तथा व्राण्डीङ | ५००००० |
| ४ | सूचना प्रविधि सफ्टवेयर तालिम | ५००००० |
| ५ | सूचना प्रविधि नवीकरण तथा कस्टमाइजेशन सपोटीङ | ५००००० |
| | जम्मा | ३४७७००० |
| | | |

सैद्धान्तिक बेरुजु

२१ **रेडक्रस FcWT म्याचिङ्ग फण्ड**

लागत सहभागिताका योजना तथा कार्यक्रमहरु वर्षको शुरुमा नै वार्षिक योजना कितावमा समावेश गरी संचालित कार्यक्रममा कसको कति लगानी पर्ने हो सोको योजनागत विवरण सभावाट पास गरी एकिकृत लागत अनुमान अनुसार कार्य मुल्याङ्कन पश्चात खर्च पुष्टी हुने कागजात मध्ये हरेक खर्च वेहोर्ने पक्षले आफुले भुक्तानी गर्नुपर्ने खर्चका सक्कल विल भरपाई र अन्य पक्षवाट वेहोरेको रकमको खर्च पुष्टी गर्ने कागजातको प्रतिलिपी संलग्न गरी भुक्तानी गर्नुपर्नेमा यस वर्ष गाउंपालीका, नेपाल रेडक्रस सोसाइटी, सम्वन्धीत संस्था वा उपभोक्ता समितिको लागत सहभागीतामा संचालन हुने विभिन्न योजना तथा कार्यक्रमका लागी पालीकाले म्याचीङ्ग फण्डमा एकमुष्ट योजनाको विवरण वेगर रु.२५ लाख वजेट विनियोजन गरी रु.२५ लाख भरपाई राखी भुक्तानी गरेको देखियो । नमुना छनोटको आधारमा परीक्षण गरिएका कार्यक्रम निम्नानुसार छनः

| गो.भौ.नं. र मिति | योजना / कार्यक्रमको नाम | कुल ल.ई. | भुक्तानी रकम | संस्था/समुदायले वेहोर्ने | ने.रे.सोसाइटी | गा.पा म्याचिङ्ग फण्ड | कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| ८६-०८०।१।१२ | अवैनी स्वा.संस्था भवन निर्माण उ.स. | ५५७१२५२ | २४०६८०४ | ६१५१११(११.०४ प्रतिशत) | २४७८०३०(४४.४८ प्रतिशत) | २४७८१११.५५(४४.४३ प्रतिशत | ५५२३६०० |
| ८०।१।१२ | केन्द्र भवन निर्माण उ.स. | ११८३८४० | २०९०६१ | ६५३५२ | ९००३३८ | २१८१४९ | ११५१८८७ |
| ८३।१।१२ | रानीखर्क फुस्रे खा.पा.तथा सरसफाई उ.स. | ४२०६६६९ | ९३२८०३ | ३१६५०० | २०४९१५६ | १०१००५२ | ४०२९४७० |
| १०५।२।१८ | भुर्तुङ स्वा.संस्था निर्माण उ.स. | १३४४४६८ | १९३५१२ | ७५१८२ | १०५४१०८ | २१५०९८ | १३१८४३७ |
| १६०।३।१३ | आहाले कलौदी चापाखोर खा.पा.तथा सरसफाई उ.स | ३४१६१२४ | ५५५०५० | ९३१०५४ | १६६८४८२ | ८१६५९१ | आँशिक भुक्तानी |
| २४५।३।२४ | खड्ककोट स्वा.संस्था भवन नि.उ.स. | ९४८४८३२ | १३७२५४२ | ९४९१६६ | ६०३४८४८ | २५००८१७ | ४४१५४१७ (आँशिक भुक्तानी) |

सैद्धान्तिक बेरुजु

२२ **नदिजन्य सामाग्रीको दर बिश्लेषण** (२१-२०८१-१-२६):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी गर्दा चेकजाँच गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। पूर्तिघाट पारी वजार पक्की नाली तथा पर्खाल निर्माण कार्यको लागत अनुमान रु.२६६६७३९। मा गाउपालीकाले रु.

२४०००००। व्यहोर्नेगरी उपभोक्ता समितिसँग सम्झौता गरी अन्तिम मूल्याङ्कन रु.२६४८२२७। गरी रु.२३८३३००। भुक्तानी गरेकोमा निम्नानुसार देखियो । उक्त योजनाको लागत अनुमान र कार्य मूल्याङ्कन गर्दा निम्नानुसारको निर्माण कार्यमा प्रयोग हुने नदिजन्य निर्माण सामाग्री वाहेकको मात्र दर विश्लेषण गरेको देखियो । पालीकावाट संचालित योजनामा प्रयोग हुने सवै निर्माण सामाग्री, ज्याला र मेशिन खर्च समेतको लागत अनुमान र मूल्याङ्कन गर्नुपर्नेमा सो योजनामा प्रयोग हुने नदिजन्य निर्माण सामाग्री कालीगण्डकी करीडोर सडक आयोजनाको निर्माण व्यवसायी कालिका कन्ट्रक्सनले उपलव्ध गराउने मौखिक सहमती अनुसार गरेको मौखिक जानकारी कार्यालयले गराएको छ ।

| क्र.सं. | कार्य विवरण | कार्य मुल्याङ्कन |
|---|---|---|
| १ | स्टोन सोलिङ्ग | ३०.३६ घ.मी. |
| २ | पि.सी.सी. १:३:६ | २१.२२ घ.मी. |
| ३ | आर.सी.सी. १:१/२:३ | ५१.५८ घ.मी |
| ४ | स्टोन मेशनरी १:४ | ९०.६२ घ.मी. |

उपरोक्त कार्य मूल्याङ्कन अनुसार आवश्यक पर्ने ढुंगा, गिटी, वालुवा मध्ये कति परिमाण कहाँवाट उत्खनन् गरी उपलव्ध गराएको हो सोको प्रमाण पेश भएन । यसरी पालिकाले योजनामा आवश्यक पर्ने नदीजन्य पदार्थ उपलव्ध गराउन मौखिक अनुमति दिंदा आवश्यक भन्दा वढी उत्खनन् गर्यो गरेन, उक्त निर्माण सामाग्री कहाँवाट उत्खनन् गर्यो सो सम्वन्धमा स्पष्ट हुन सक्ने आधार देखिदैन । निर्माण व्यवसायीले आवश्यक परीमाण मात्र उत्खनन् नियमानुसार गर्न अनुमती दिई नदीजन्य पदार्थको रोयल्टी असूल गरेको देखिदैन ।यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **गैहसरकारी संस्था मार्फत कार्य**

२३.१ पालिकाले गैह सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यस कालीगण्डकी गाँउपालिकाले मिति २०८३।३।१६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७९।०८।१८ मा रु २ करोड ८५ लाख ७१ हजार हेफर ईन्टरनेशनल नेपालको लागत सहभागिता र पालिकाको रु. ५ करोड ५० लाख लागत सहभागिता हुने गरी कुल रु. ७ करोड ८५ लाख ७१ हजारको ४ बर्षे सम्झौता गरी गत बर्ष २०७९।८० मा पालिकाको ५० लाख ४१ हजार र हेफर इन्टरनेशनलको २९ लाख ४७ हजार गरी कुल रु ७९ लाख ८८ हजार खर्च भएकोमा यो बर्ष पालिकाबाट रु. १ करोड १२ लाख ७१ हजार र हेफर ईन्टरनेशनलको रु. ४७ लाख २४ हजार समेत कुल रु. १ करोड ५९ लाख ९४ हजार समेत यस बर्ष सम्म कुल रु २ करोड ३९ लाख ८२ हजार खर्च भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

सैद्धान्तिक बेरुजु

२३.२ साझेदार मार्फत कार्यः पालिका र हेफर नेपाल बीच भएको सम्झौता अनुसार दोस्रो पक्षले स्थानीय साझेदार संस्था मार्फत कार्य गराउन सक्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था सामाजिक जागरण तथा विकास अभियान, गुल्मी (साडेक) मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो । पालिकावाट बाख्रा बोका वितरण, घाँसको विउ वितरण, प्लाष्टीक टनेल वितरण र बाख्रा खोर निर्माण लगायतको कार्यक्रममा यस बर्ष परियोजनाको ७० प्रतिशत मध्ये रु. १ करोड ५९ लाख ९४ हजार भुक्तानी हुदा संस्थाले उक्त कार्यक्रमको लागी ३० प्रतिशत नगदै लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गरेको भनी वास्तविक कार्यक्रम खर्चका सबै बिल भर्पाइ संलग्न गरी भुक्तानी लिएको

देखियो। सस्थाको लागत सहभागितामा सस्थाकै प्रशासनिक खर्च नभइ आयमुलक तथा उत्पादनमुलक कार्यक्रममा खर्च भएको ३० प्रतिशत रकम लागत सहभागिता हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२३.३ कानुनी व्यवस्थाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ ।पालिकाले कानुनमा भएको व्यबस्थाको परीपालना नगरी उक्त संस्थासंग सोझै सम्झौता गरेको देखिएकोले पालिकाले कानुनमा भएको व्यबस्थाको परिपालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३.४ विल बिजकः आयकर ऐन २०५८ मा आयकरमा दर्ता भएको करदाताले रितपुर्वकको बिल बिजक जारी गरी आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र (आश्विन मसान्त सम्म र म्याद थप भएकोमा पौष मसान्त सम्म) सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण वुझाउनु पर्ने व्यवस्था छ । दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न हेफर इन्टरनेशनल नेपाल र पालिकाको लागत सहभागितामा कार्यक्रम संचालन गर्ने गरी हेफर संग द्विपक्षीय सम्झौता भएको देखिन्छ । सम्झौता पश्चात उक्त संस्थाले स्थानीय गैरसरकारी संस्था मार्फत कार्यक्रम संचालन गरी खर्चका बिल भरपाईहरु पेश गरी कर विजक वेगर कार्यक्रम खर्चको ७० प्रतिशत रकम पालिकाबाट हेफर इन्टरनेशनल संस्थाले भुक्तानी लिएको देखियो ।हेफर इन्टरनेशन र उक्त गैरसरकारी संस्था समेत आयकरमा दर्ता भई स्थायी लेखा नम्वर लिएको अवस्थामा दुवै संस्थाले रीतपूर्वकको विल विजक जारी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३.५ प्रगती प्रतिवेदन- हेफर इन्टरनेशनल र पालिका बिच भएको सम्झौता अनुसार दोस्रो पक्ष हेपर ईन्टरनेशनल नेपालले संचालित कार्यक्रमको मासिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन । सम्झौता अनुसारको प्रगति बिबरण अनिबार्यरुपमा पेश गर्नुगराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२३.६ अनुगमन - हेफर इन्टरनेशनल र पालिका बिच भएको सम्झौता अनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको जनाएतापनि सञ्चालित कार्यक्रमको गुणस्तरीयता र बास्तविकता एवं लक्षीत बर्ग लाभान्वित भए नभएको उपादेयता र उपलब्धि सम्बन्धमा विश्लेषण गरी बार्षिक प्रतिबेदन तयार गरेको देखिएन। अनुगमनमा देखिएका ब्यहोरा र सुधार सहितको बार्षिक अनुगमन प्रतिबेदन तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ४१ योजना सञ्चालन गरी यस वर्ष ११६ जनालाई औसत ६९ दिनले ८०५० दिन रोजगारी उपलव्ध गराई रु. 5474000। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।प्राथमिकताको सूची अनुसार वेरोजगारहरुको छनोट भएको देखिएन । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **पाठ्यपुस्तक अनुदान** (१७६-२०८१-३-२०):

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा प्रथम किस्ता ७५% IEMIS मा भएको तथ्याङ्क अनुसार दिने र दोस्रो किस्ता बास्तबिक बिद्यार्थी भर्ना र पुस्तक खरिद तथा बितरणको आधारमा नपुग रकम दिने ब्यबस्था छ। पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रथम किस्ता ७५% रु.२२५२१० -विभिन्न विद्यालयहरुलाई निकासा दिएकोमा दोस्रो किस्ता दिदा निम्नानुसार बिद्यालयको बास्तबिक बिद्यार्थी सङख्याको आधारमा हुने रकम भन्दा बढि रकम प्रथम किस्तामा नै बढि निकासा दिएको देखिएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा दाखिला गर्नुपर्ने रु.

| **सि.नं** | **विद्यालयको नाम** | **दिनुपर्ने निकासा** | **प्रथम किस्ता निकासा गएको** | **बढि निकासा** |
|---|---|---|---|---|
| १ | ज्ञानोदय आ बि | १०४२३ | १४७९१ | ४३६८ |
| २ | नव ज्योति आ बि | ४५५० | ६००३ | १४५३ |
| ३ | जनता बाल कल्याण आ बि | ३३८९ | ६६३७ | ३२४८ |
| ४ | कोरेङ नि मा.वि. | ४५००४ | ४८७५६ | ३७५२ |
| ५ | उर्लेनी आ वि | १०८०८ | १२१३२ | १३२४ |
| ६ | देउराली मा वि | ८१५०५ | ९४९४३ | १३४३८ |
| ७ | जोरपाटि आ वि | २२५४।६ | ४८४५ | २५९० |
| **जम्मा** | | | | ३०१७३ |

| असुल गर्नुपर्ने | ३०,१७३ |
|---|---|

२६ **छात्रवृति सम्बन्धमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा स्थानीय तहले उत्पादनमूलक, रोजगारी सिर्जना गर्ने प्रकृतिका योजनामा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले प्राविधिक तथा विज्ञान विषय अध्ययन गर्न सक्ने क्षमता भएका र इच्छुक पालिका भित्र विद्यार्थीलाई कार्यविधि वनाई छात्रवृत्ति दिएको देखियो। विज्ञान तथा प्राविधिक विषय अध्ययन र विपन्न विद्यार्थी छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८० अनुसार कक्षा ११/१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई रु १०००००,स्नातक तहमा विज्ञान विषय अध्ययन गर्नेलाई रु ५००००,MBBS अध्ययन गर्नेलाई १०००००, Engineering, CA, Architect, वन विज्ञान,कृषि विज्ञान अध्ययन गर्नेलाई ७५०००,स्टाफ नर्स,फार्मेसी,एच.ए.,भेटनरी, ल्याब टेक्निसियन लगायतलाई रु ४०००० तथा आर्थिक अवस्था कमजोर भएका अन्य विषय लिई कक्षा ११/१२,स्नातक,स्नातकोत्तर अध्ययन गर्ने दलित,जनजाति,अपांग विद्यार्थीलाइ गणित बिषय अध्ययन गर्न ५०००० छात्रवृत्ति दिने व्यावस्था गरी पालिकाले संघीय वित्तीय समानिकरणको स्रोतबाट १०९ जना छात्रा छात्रलाई छात्रवृत्ति दिएको देखियो। आन्तरिक स्रोत अवस्थालाई ख्याल नगरी पुँजिगत प्रकृतिको बिकास निर्माणमा खर्च गर्ने र चालु प्रकृतको

कार्यमा खर्च गर्न नमिल्ने गरी प्राप्त भएको संघीय वित्तीय समानिकरणबाट यस्तो खर्च गर्न मिल्ने देखिदैन तसर्थ पालिकाले बिकास निर्माण कार्यमा प्रोग गर्ने गरी प्राप्त गरेको समानिकरण अनुदानबाट यस्तो चालु प्रकृतिको छात्रबृत्ति बितरणमा गरेको खर्च नियमित मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | २९,०६,४१० |

२७ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वियन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग) बिद्यालयहरुको लेखापरीक्षण : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४२ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिबेदन लिएको देखिएन। अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण गराइ बिद्यालयहरुलाइ बित्तिय अनुशासन कायम गराउनुपर्दछ ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **आवाशिय विद्यालय कार्यक्रम**

पालीकाले पालीका भित्रका विद्यालयहरुमा अध्ययन गर्न टाढा भई असुविधा भएका विभिन्न ४७ जना विद्यार्थि पालीकाको केन्द्रमा रहेको जीवनोद्धार मा.वि.मा छात्रावासको रुपमा राखी खाना खुवाउन ३ जना कर्मचारी समेत राखी यस वर्ष रु.२४७७९६९। खर्च गरेको देखियो । भूक्तानीका लागी छात्रावासको वार्डेनले विद्यार्थिको दैनिक हाँजिर संलग्न गरी खाद्यान्न, तरकारी, खाजा खरीदका विल संलग्न गरी भुक्तानी माग गरेको आधारमा भुक्तानी गरेको छ । खरिद गरिएका जिन्सी सार्वजनिक खरिद ऐन अनुसार प्रतिस्पर्धाको आधारमा स्वीकृत दर अनुसार खरिद नगरी सोझै रजिष्टरमा टिपोट गरी आवश्यकता अनुसार सोझै खरिद गरेको र छात्रावासमा

विद्यार्थिहरुले खास पाउने खानाको मेनु समेत राखेको देखिएन । खरिद गरिएको खाद्यान्न, तरकारीको आम्दानी वाँधी दैनिक रुपमा खपत भएको परिमाण घटाइ मौज्दात सकिएपछि खरिद गर्ने गरेको देखिएन। जसवाट खर्चमा मितव्ययी भएको भन्न सक्ने आधार भएन ।

सैद्धान्तिक बेरुजु

## २९ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ अनुसार पहाडी जिल्लामा प्रति कक्षा ४५ जना विद्यार्थिको दरले विद्यार्थि शिक्षकको अनुपात हुनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका बालबिकास सहित ४२ वटा सबै बिद्यालयमा शिक्षा नियमावली अनुसारको बिद्यार्थि शिक्षक अनुपात भन्दा थोरै देखियो। १० भन्दा घटि बिद्यार्थि अनुपात २१ वटामा , देखियो। १० देखि २० बिद्यार्थि अनुपात २० वटामा , र एक बिद्यालयको २१ मात्र देखिन्छ। स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति गरी नियमित पठनपाठनको व्यवस्था गराउने जिम्मेवारी स्थानियतहको हुन्छ। ।पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ४२ वटा सामुदायिक विद्यालयहरुमा कुल २८१८ विद्यार्थी संख्या र स्वीकृत शिक्षक दरवन्दी २३४ को हिसावले औषत १२ विद्यार्थीको लागी एक शिक्षक कार्यरत रहेको देखिन्छ। पालिकाले दरबन्दी अनुसारको शिक्षक पदपुर्ति तथा बिद्यार्थि संख्याको अनुपातमा शिक्षक बढि भएको बिद्यालयबाटकम भएको बिद्यालयमा शिक्षक सरुवा गरी ब्यबस्थापन गर्नुपर्दछ।

| क्र.स | विद्यालयको नाम | जम्मा शिक्षक | जम्मा विद्यार्थी संख्या | | | | शिक्षक विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| | | | मा.वि | निमावि | प्रावि | जम्मा | अनुपात |
| १ | ज्ञानोदय प्रावि, अर्वेनी | २ | 0 | 0 | ४३ | ४३ | २१ |
| २ | भैरवपुर प्रावि, अर्वेनी | १ | 0 | 0 | ६ | ६ | ६ |
| ३ | जनज्योति प्रावि, अर्वेनी | ४ | 0 | 0 | ३५ | ३५ | ९ |
| ४ | दभौखानी मावि, अर्वेनी | ९ | ४४ | ५५ | ५६ | १५५ | १७ |
| ५ | भगवती प्रावि, अर्वेनी | १ | 0 | 0 | १२ | १२ | १२ |
| ६ | भगवती मावि, अर्वेनी | १८ | ४८ | २९ | १२० | १९७ | ११ |
| ७ | दुर्गा भवन मावि, भूर्तुङ्ग | २४ | १६८ | ७५ | ११९ | ३६२ | १५ |
| ८ | प्रारम्भिक निमावि, भूर्तुङ्ग | ६ | 0 | २७ | ५८ | ८५ | १४ |
| ९ | कराङतुङ्ग प्रावि, भूर्तुङ्ग | २ | 0 | 0 | १५ | १५ | ८ |
| १० | शिव प्रावि, भूर्तुङ्ग | २ | 0 | 0 | १७ | १७ | ९ |
| ११ | हिमालय निमावि, भूर्तुङ्ग | ६ | 0 | २६ | ४१ | ६७ | ११ |
| १२ | जनशक्ति प्रावि, भूर्तुङ्ग | २ | 0 | 0 | ३९ | ३९ | १९ |
| १३ | नवज्योति प्रावि, भुर्तुङ्ग | १ | 0 | 0 | ६ | ६ | ६ |
| १४ | सरस्वती प्रावि, भूर्तुङ्ग | २ | 0 | 0 | १३ | १३ | ६ |
| १५ | जनप्रिय प्रावि, फोक्सीङ्ग | २ | 0 | 0 | १२ | १२ | ६ |
| १६ | चैया चालिसे प्रावि, फोक्सीङ्ग | २ | 0 | 0 | १९ | १९ | ९ |
| १७ | जनकल्याण मावि, फोक्सीङ्ग | १७ | ८९ | ४७ | ५८ | १९४ | ११ |
| १८ | दिपेन्द्र प्रावि, फोक्सिङ्ग | १ | 0 | 0 | १६ | १६ | १६ |
| १९ | लितुङ्ग मंगलस्थान निमावि, फोक्सीङ्ग | ६ | 0 | ३६ | ३४ | ७० | १२ |
| २० | हर्मिचौर प्रावि, हर्मिचौर, | ३ | 0 | 0 | २३ | २३ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | नेरा देवलपुर निमावि, हर्मिचौर | ६ | 0 | ३५ | ५० | ८५ | १४ |
| २२ | सरस्वती प्रावि, हर्मिचौर | १ | 0 | 0 | ९ | ९ | ९ |
| २३ | देउराली मावि, हर्मिचौर | ८ | २१ | ३१ | ४५ | ९७ | १२ |
| २४ | हर्मिचौर मावि, हर्मिचौर, | १९ | ७७ | ४६ | १३३ | २५६ | १३ |
| २५ | मूलपानी प्रावि, जयखानी | २ | 0 | 0 | ९ | ९ | ५ |
| २६ | देविस्थान प्रावि, जयखानी | ५ | 0 | 0 | ३० | ३० | ६ |
| २७ | अम्विका प्रावि, जयखानी | 0 | 0 | 0 | ४ | ४ | ० |
| २८ | जयखानी आवि, जयखानी | ७ | 0 | १९ | २४ | ४३ | ६ |
| २९ | तुङ तोलाकोट निमावि, खड्गकोट | ६ | 0 | २४ | ५५ | ७९ | १३ |
| ३० | जनकल्याण प्रावि, खड्गकोट | २ | 0 | 0 | २५ | २५ | १२ |
| ३१ | सिद्ध प्रावि, खड्गकोट | ३ | 0 | 0 | २२ | २२ | ७ |
| ३२ | तोलाकोट प्रावि, खड्गकोट | २ | 0 | 0 | १७ | १७ | ८ |
| ३३ | जनता बालकल्याण प्रावि, खड्गकोट | १ | 0 | 0 | ८ | ८ | ८ |
| ३४ | कोरेङ्ग निमावि, खड्गकोट | ७ | 0 | १८ | ६१ | ७९ | ११ |
| ३५ | उर्लेनी प्रावि, खड्गकोट | ३ | 0 | 0 | २४ | २४ | ८ |
| ३६ | देउराली मावि, खड्गकोट | १५ | ४५ | ३२ | ४५ | १२२ | ८ |
| ३७ | शुक्र मावि, खड्गकोट | १० | १४ | २७ | २७ | ६८ | ७ |
| ३८ | शारदा प्रावि, पूर्तिघाट | २ | 0 | 0 | १५ | १५ | ७ |
| ३९ | जोरपाटी प्रावि, पूर्तिघाट | १ | 0 | 0 | ८ | ८ | ८ |
| ४० | सरस्वती प्रावि, पूर्तिघाट | २ | 0 | 0 | २१ | २१ | १९ |
| ४१ | जीवनोद्धार मावि, पूर्तिघाट | २१ | १५४ | १३७ | ११६ | ४०७ | १९ |
| ४२ | सिरेनी प्रावि, पूर्तिघाट | 0 | 0 | 0 | ४ | ४ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | २३४ | ६६० | ६६४ | १४९४ | २८१८ | १२ |

सैद्धान्तिक बेरुजु

३० **शिक्षकको तलव भत्ता अनुदान**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची÷१ बमोजिमको फाराम भरी २०८० माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८० फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीयतहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई गाउपालिका अनुदान भनी आन्तरिक आयबाट कुल रु १३५२३००० उपलब्ध गराएको देखियो ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई सशर्त अनुदानमा दरबन्दी अनुसारको तलव भत्ताको ब्यवस्ता भएकोमा थप अनुदान दिदा विद्यार्थी र शिक्षक अनुपात यकिन तथा शिक्षक दरबन्दी मिलान नगरी विद्यालयको शिक्षक कर्मचारीको तलवभत्तामा खर्च गर्न मिल्ने कानूनीआधार समेत देखिदैन।

सैद्धान्तिक बेरुजु

३१ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९३४ जना रहेका छन। पालिकाले प्रिज्मा मेडि ट्रेड प्रा.लि.बाट ४००० थान स्यानिटरी प्याड रु. १११९९६ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि १७६० मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **भुक्तानी कट्टि** (३१६-२०८१-२-८):

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा शिविर सञ्चालनको पारिश्रिक भुक्तानीमा ३८००० को १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा सो गरेको नदेखिएकोले कर बाहेक ५७००असुलगर्ने

| असुल गर्नुपर्ने | ५,७०० |
|---|---|

३३ **बिज्ञापन बोर्डको कोष खाता**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१(ख) र प्रथम संशोधन नियमावली २०८० को नियम ६क मा सरकारी निकायले विज्ञापन वा सुचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल वमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी वोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालीकाले निम्नानुसार भुक्तानीमा रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले वोर्डमा जम्मा गर्नुपर्ने ३ प्रतिशत रु ७४८७ जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने | स्थायी लेखा नम्वर | भुक्तानी रकम | ३ प्रतिशत रकम |
|---|---|---|---|---|
| १४।२०८०।९।१९ | वोर्डरलेस भिडियो हव प्रा.लि. | ६१०३८३४२१ | २०००० | ६०० |
| १९७।२०८१।३।२१ | भि.जे.टेक मल्टि मिडिया प्रा.लि. | ६०३५१०७५१ | १५५०० | ४६५ |
| २२- २०८०।७।२२ | सिद्धार्थ पब्लिकेशन प्रा.लि. | ३०३५२५०१७ | ३०००० | ९०० |
| ३३- २०८०।७।२३ | नव जनचेतना दैनिक | ३०२७११२२४ | १५८२० | ४७४ |
| ६६- २०८०।९।२ | नव जनचेतना दैनिक | ३०२७११२२४ | ३९५५० | ११८६ |
| ३५९- २०८१।२।२८ | कैलाशनगर मिडिया प्रा.लि | ६०६७९२५६३ | २५४७० | ७६४ |
| ४०- २०८०।८।१३ | बुध्द अनलाईन टि.भी | ६१६३६१९०६ | १०४३० | ३१३ |
| ४४८- २०८१।३।१७ | विश्वसनीय मिडिया ग्रुप प्रा. लि. | ६१९९०८१९९ | १०१७० | ३०५ |
| ५०५- २०८१।३।२१ | सोलुसन मिडिया एण्ड एडभर्टाइजिङ सेन्टर | ६१५९९१५८२ | १०००० | ३०० |
| ३८७- २०८१।३।४ | रेडियो रेसुङ्गा प्राइभेट लि | ६१५२५२९३९ | १०००० | ३०० |
| १०९- २०८१।१०।८ | कैलाशनगर मिडिया प्रा.लि. | ६०६७९२५६३ | ६२६४७ | १८८० |
| जम्मा | | | २४९५८७ | ७४८७ |

| असुल गर्नुपर्ने | ७,४८७ |
|---|---|

३४ **पत्रपत्रिका, सुचना प्रकाशन प्रसारणमा कर**

आयकर ऐन २०५८ को दफा ८९ अनुसार सार्वजनिक निकायले मू अ कर दर्ता सेवा प्रदायकबाट सेवा लिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको सेवा खरिद गर्दा सेवा प्रदायको मू अ कर विजक जारी भएको अवस्था १.५% का दरले कर कट्टी गर्ने र प्यान विलमा १५ % का दरले कर कट्टी गर्नुपर्नेमा सो नगरी १.५% मात्र कर कट्टी गरेको हुदा कम कट्टी भएको रकम रु ६२०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं | भुक्तानी पाउने | रकम | स्थायी लेखानम्बर | कट्टी हुनुपर्ने थप कर रकम |
|---|---|---|---|---|
| १९७।२०८१।३।२१ | भि.जे.टेक मल्टि मिडिया प्रा.लि. | १५५०० | ६०३५१०७५१ | २०९२ |
| ४०- २०८०।८।१३ | बुध्द अनलाईन टि.भी | १०४३० | ६१६३६१९०६ | १४०८ |
| ५०५- २०८१।३।२१ | सोलुसन मिडिया एण्ड एडभर्टाइजिङ सेन्टर | १०००० | ६१५९९१५८२ | १३५० |
| ३८७- २०८१।३।४ | रेडियो रेसुङ्गा प्राइभेट लि | १०००० | ६१५२५२९३९ | १३५० |
| जम्मा | | | | ६२०० |

| असुल गर्नुपर्ने | ६,२०० |
|---|---|

३५ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले वास संयोजक, ,सहायक कम्प्युटर अपरेटर,वडा सहायक,अनमी,ना.प्रा.स.,ना.प.स्वा.प्रा,सामाजिक परिचालक,कार्यालय सहयोगी लगायत विभिन्न पदमा २९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १०७०८४२१ खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना स्वीकृत दरवन्दी बाहिरको संयोजक १जना,सामाजिक परिचालक ९ जना,वडा सहायक ५ जना गरी १४ जना करारमा नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु.५४५४२९९ भुक्तानी गरेको छ। पालिकाले उत्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ।यसरी स्वीकृत दरबन्दी वेगरको पदमा करारमा नियुक्ति गरी तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ५४,५४,२९९ |
|---|---|

३६ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (तेस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ ।यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | खर्चका लागि पेश भएको कागजात | भुक्तानी भएको शिर्षक | रकम |
|---|---|---|---|
| २०६,२०८०।१२।१३ | भ्रमण खर्चको विल | अन्य भत्ता शीर्षकबाट | ११४५० |
| १२१,२०८०।१०।२२ | विविध खर्चको विल | घरभाडा शीर्षकबाट | ३१०९१ |
| ४८४,२०८१।३।२० | तलब भत्ताको पेरोल | सामाजिक सुरक्षा | ३८९५२ |
| ४८९,२०८१।३।२१ | घरभाडाको भुक्तानी | पारिश्रमिक | २२५२९ |
| जम्मा | | | १०४०२२ |

| अनियमित भएको | १,०४,०२२ |
|---|---|

३७ **बैठक भत्ता**

३७.१ (१८३-२०८१-३-२१):

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को (संशोधन सहित) परिच्छेद ७ मा वैंठक भत्ताको मापदण्ड तोकेको छ । उक्त मापदण्ड अनुसार वैंठक भत्ता प्रदान गर्ने वैंठकको विषयवस्तु र सो को गम्भिरताको एकिन, एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र वस्ने वैंठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको लागि मात्र वैठक भत्ता प्रदान गर्ने, वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा ३ जना सम्म आमन्त्रित सदस्यहरु लाई भत्ता प्रदान गर्ने व्यवस्था छ । पालीकाले नमूना छनोट गरी पारीक्षण गर्दा गर्न निम्नानुसारका कार्यालय समयमा नै निर्णय गर्न सकिने नियमित प्रकृतिका निर्णय गरी बसेको बैठक भत्ता भुक्तानी गरेको देखिएकोले कर वाहेक असुल गर्नुपर्ने रु

| गो.भौ.नं. र मिति | समितिको नाम | वैंठकको निर्णय | कर वाहेक रकम |
|---|---|---|---|
| | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको स्थानीय समन्वय समिति वैठक | EFT मार्फत वितरण गर्दा छुट भएका सामाग्रीको पुनः EFT गर्न निर्णय, वजेट माग गर्न, आमन्त्रित-७ जना समेत १२ जना सवै पालीका अन्तर्गतका पदाधिकारी र कर्मचारी, सप्ताह दिवस मनाउने सा.सु वैठक संग सहजीकरण गर्ने जस्ता १ वैठकको १ वटा निर्णय | |

| असुल गर्नुपर्ने | ६१,२०० |
|---|---|

३७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने तथा चेक जाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका वडा समितिको वैठकमा उपस्थिति नभएका पदाधिकारिलाई बैठक भत्ता भुक्तानी गरेको देखिएकाले कर वाहेक असुल गर्ने रु

| गो.भौ.नं. र मिति | भुक्तानी लिनेको नाम | उपस्थिति विनाको रकम रु |
|---|---|---|
| ३९९,२०८१।३।५ | तारा राना | १७०० |
| | धनीराम उपाध्याय | ८५० |
| | गुनुमाया वि.क. | ८५० |
| ३०९,२०८१।२।७ | मोहनीलाल भट्टराई | ८५० |
| | सोनि सुनार | ८५० |
| ३१०,२०८१।२।७ | कृष्ण प्रसाद न्यौपान | ८५० |
| | रेशमराज न्यौपाने | ८५० |
| जम्मा | | ६८०० |

| असुल गर्नुपर्ने | ६,८०० |
|---|---|

३७.३ (३०२-२०८१-२-७):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी दिन रित पुगेनपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७७ मा सहभागी भत्ता दिने गरी कार्यक्रम स्वीकृत गर्न नहुने ब्यबस्था छ। बाट शिक्षक र कर्मचारीबीच भएको मैत्रीपूर्ण खेलमा आन्तरिक लेखापरिक्षक गोविन्द कार्की,वडा सचिव सुन्दर आले, शिक्षा शाखाका प्राविधिक सहायक संगीता जीसी र शिक्षक गोपाल प्रसाद पराजुलीले खेल सञ्चालनमा सहजीकरण गरेको भनी रु २००० का दरले रु ८००० भुक्तानी गरेको देखियो। शिक्षक र कर्मचारीबीच भएको मैत्रीपूर्ण खेलमा खाजाका अतिरिक्त भत्ता दिने आधार पेश नभएकोले करवाहेक रु ६८०० असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ६,८०० |
|---|---|

३८ **न्यायिक समिति वैठक भत्ता** (५५०-२०८१-३-२३):

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को (संशोधन सहित) परिच्छेद ७ मा वैंठक भत्ताको मापदण्ड तोकेको छ । उक्त मापदण्ड अनुसार वैंठक भत्ता प्रदान गर्ने वैंठकको विषयवस्तु र सो को गम्भिरताको एकिन, एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र वस्ने वैंठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको लागि मात्र वैठक भत्ता प्रदान गर्ने, वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा ३ जना सम्म आमन्त्रित सदस्यहरु लाई भत्ता प्रदान गर्ने व्यवस्था भएकोमा पालीकाले न्यायिक समितिको बैठक भत्ता १२ जनालाई १३ वटा बैठकमा रु १००००० भुक्तानी गरेको देखियो।न्यायिक समितिमा रहने उपाध्यक्ष र अन्य २ जना सदस्य बाहेक ९ जना कार्यलयका कर्मचारीहरुलाई भुक्तानि गरेको कर बाहेकको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,८५० |

३९ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई यस बर्ष मेनुयल हाजिरको आधारमा कार्यालय समय भन्दा बाहिर बिहान बेलुका र सार्बजनिक बिदाको दिनमा अतिरिक्त समय काम गरेको भनी कार्यबिधिमा ब्यबस्था गरी मासिक तलब स्केलको आधारमा दैनिक घन्टाको हिसाबले बार्षिक रु. १००५०००।- प्रोत्साहन भत्ता खर्च लेखि थप आर्थिक व्ययभार गरेको देखियो। स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी स्थानिय तहले कानुन बनाइ अतिरिक्त समय काम गरेको अबस्थामा बिद्युतिय हाजिर समेत संलग्न गरी अतरिक्त समय काम गरेको पुष्ट्याइको आधारमा अतिरिक्त भत्ता दिन सक्नेमा अतरिक्त समयको भत्तालाइ मासिक तलबको हिसाबले प्रोत्साहन खर्च लेख्न मिल्ने आधार देखिदैन। पालिकाले आन्तरिक आयलाई समेत विचार गरि कर्मचारी सेवा समुह सम्बन्धी कानुन बेगर भुक्तानी गरेको यस्तो खर्च नियमित देखिदैन। कानुनमा ब्यबस्था गरी कानुन अनुसार प्रोत्साहन खर्च लेख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **पदाधिकारी सुविधा**

४०.१ पदाधिकारी सुविधा –यो वर्ष गाउँपालिका पदाधिकारी तथा सदस्यलाई सुविधा (इन्धन, मोविल, यातायात, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, अतिथी सत्कार, अनुगमन, सहजीकरण र चाडपर्वमा) तर्फ रु. ७३८०९६०। भुक्तानी भएको छ । यो वर्ष आन्तरिक आय (सिफारिस दस्तुर, सम्पत्ति कर, घरवहाल कर लगायत) तर्फ रु ३५९२५४१७ प्राप्त भएको देखिन्छ । आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी २०.५४ प्रतिशत रहेको छ ।

| क्र.स | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिकासदस्य ६ | सभाका सदस्य२३ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | यातायातखर्च | 0 | 0 | ८४०००० | ४३२००० | ८२८००० | २१००००० |
| ३ | टेलिफोन/मोवाईल | ४२००० | ३६००० | २५२००० | २१६००० | ६९०००० | १२३६००० |
| ४ | पुस्तकपत्रिका र इन्टरनेट | ४८००० | ४८००० | २५२००० | २१६००० | ५५२००० | १११६००० |
| ५ | समन्वय तथा सहजीकरण (जनसम्पर्क विशेष कार्यसुविधा) | १२०००० | ९६००० | ५०४००० | ३६०००० | ८२८००० | १९०८००० |
| ६ | अतिथिसत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी/ /सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ८ | चाडपर्वखर्च | ० | ० | ० | ० | ० | ० |
| ९ | सवारी इन्धन | १४४००० | १४४००० | ० | ० | ० | २८८००० |
| १० | मोविल | १२४८० | १२४८० | ० | ० | ० | २४९६० |
| ११ | विधुत | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| १२ | जम्मा | ५५८४८० | ५१६४८० | २१४८००० | १२२४००० | २८९८००० | ७३८०९६० |

| सैद्धान्तिक बेरुजु |
|---|

४०.२ स्वकीय सचिव

स्थानिय सरकार सन्चालन ऐन २०७४ तथा लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ मा स्थानिय तहका पदाधिकारीले स्वकिय सचिव राख्न पाउने ब्यबस्था नभएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर यस पालिकाले अध्यक्षका लागी स्वकीय सचिवका रुपमा १ जना सहायकस्तरको मासिक रु १८००० र उप प्रमुख को स्वकिय सचिव लाई माशिक रु.१५०००।का दरले श्रावण र भाद्र महिनाको कूल रु.६६०००। भुक्तानी भएको देखियो । कानुनमा ब्यबस्था नभएको पदमा स्वीकृत दरबन्दी बेगर खर्च गरेको नियमित देखिएन रु

| अनियमित भएको | ६६,००० |
|---|---|

४१ **नदिजन्य पदार्थको रोयल्टी**

नदिजन्य पदार्थको रोयल्टीः लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम पहाडी जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु. ६। का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ।पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुंदा रु. ४५२५६३ स्थानिय सरकारको राजश्व घटी असुल हुन गएको छ। यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

| गो. भौ. र मिति | योजनाको नाम | कार्य मुल्यांकन | नदिजन्य पदार्थ | खपत परिमाण | रोयल्टी रकम मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| २२४-२०८१।३।२३ | गिठावट मल्लेङ मोरदारे सिंचाई योजना | स्टोन सोलिङ- ६०.७२ घ.मि.,पि.सि.सि.१:२:४- ८१.७२ घ.मि., स्टोन मेसनरी- ५९.०७ घ.मि., | ढुङ्गा,गिटी ,बालुवा | २६७ घ.मि. | ६३८६६ |
| २६-२०८०।१०।२३ | कन्चनगौडा ढलान योजना | स्टोन सोलिङ- ५७.४४ घ.मि.,पि.सि.सि.१:२:४- ८.६३ घ.मि., आर.सि.सि. १: १\२: ३- ५०.७२ घ.मि., | ढुङ्गा,गिटी ,बालुवा | १४६ घ.मि. | ३४९२३ |
| १८४-२०८१।३।२० | वडा नं १ को वडा कार्यालय भवन निर्माण | स्टोन सोलिङ- ७.४९ घ.मि.,पि.सि.सि.१:३:६- १९.७४ घ.मि., आर.सि.सि. १: १\२: ३- ०.८२ घ.मि., स्टोन मेसनरी- ५२ घ.मि., | ढुङ्गा,गिटी ,बालुवा | ११२ घ.मि. | २६७९० |
| १९८-२०८१।३।२२ | जोखुमचौर सिँचाइ योजना उ.स. | स्टोन सोलिङ- ६५.२ घ.मि.,पि.सि.सि.१:२:४- १४२ घ.मि., स्टोन मेसनरी- ४२ घ.मि., | ढुङ्गा,गिटी ,बालुवा | ३२५ घ.मि. | ७७७३९ |
| २०२-२०८१।३।२२ | लम्करा मुल कुलो सिंचाइ योजना वडा नं ५ | स्टोन सोलिङ- ५६.७८ घ.मि.,पि.सि.सि.१:२:४- १२१ घ.मि., स्टोन मेसनरी १:४- २१ घ.मि., | ढुङ्गा,गिटी ,बालुवा | २५७ घ.मि. | ६१४७४ |
| २०३-२०८१।३।२२ | ४ नं वडा कार्यालय भवन निर्माण | आर.सि.सि. १: १\२: ३- ३.५४ घ.मि., स्टोन मेसनरी १:४- १३ घ.मि., १२ एम एम प्लाष्टर -४७५ ब.मि. | ढुङ्गा,गिटी ,बालुवा | ३५ घ.मि. | ८३७२ |
| १५९-२०८१।३।१३ | ७ नं वडा कार्यालय भवन निर्माण | स्टोन सोलिङ- ५.२६ घ.मि.,पि.सि.सि.१:३:६- ७.७४ घ.मि., आर.सि.सि. १: १\२: ३- ४.१२ घ.मि., स्टोन मेसनरी- २४.९१ घ.मि., १२ एम. एम. प्लाष्टर -७४७ ब.मि. | ढुङ्गा,गिटी ,बालुवा | ७७ घ.मि. | १८४१८ |
| २ -२०८०।६।३० १९ -२०८०।९।१६ | सरस्यू खोला पर्खाल निर्माण | स्टोन सोलिङ्ग - १७.३९ घ.मी, आर.सी.सी. १:१/२:३-३०.६९ घ.मी., स्टोन मेसेनरी-३२७.८५ घ.मी. | ढुंगा, गिटी, वालुवा | ४३८ घ.मी. | १०४७६९ |
| ९९-२०८०।२।८ | जोखुम चौर सिचाई योजना | स्टोन सोलिङ्ग - ३१.३९ घ.मी, पि.सी.सी.१:२:४-६८.२ घ.मी. | ढुंगा, गिटी, वालुवा | १२६ घ.मी | ३०१३९ |
| १०२-२०८०।२।९ | कालिगण्डकी -६ | स्टोन सोलिङ्ग - ६.४३ घ.मी, पि.सी.सी.१:२:४-७.२८ घ.मी. स्टोन मेसेनरी १:४ - ६१.४३ घ.मी. | ढुंगा, गिटी, वालुवा | १०९ घ.मी | २६०७३ |
| | | | | **जम्मा** | **४५२५६३** |

सैद्धान्तिक बेरुजु

४२ **आन्तरिक आय ब्यबस्थापन**

४२.१ नदिजन्य पदार्थको ठेक्का ब्यबस्था: पालीकाको कार्यक्षेत्र भित्र पर्ने IEE प्रतिवेदन २०८० ले सिफारीस गरेका निम्नानुसारका उत्खनन् क्षेत्रमा ठेक्का व्यवस्था गरेको देखिएन । ठेक्का व्यवस्था गर्नुपूर्व प्रकाशमणी शर्मा समेतको निबेदनबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाइ समेत बिपक्षी बनाइ कालीगण्डकी नदी सौन्दर्यलाई नै असर पर्नेगरी नदीको वहावलाई परिवर्तन गर्ने, ड्याम वनाउने सालीग्राम एवं गिटी वालुवा चोरी निकासी गर्ने उद्देश्यले भएको निर्णय तथा कार्यहरु रोकी पाउन रिट निवेदन परेको सम्वन्धमा कालीगण्डकी नदी धार्मिक ऐतिहासिक तथा पर्यावरणिय महत्वको देखिएकोले रिट निवेदनको अन्तिम टुंगो नलागे सम्म उक्त नदीको प्राकृतिक वहावलाई रुपान्तरण गरी रिजर्भ वायर वनाउने, प्रदुषण गर्ने, नदीजन्य पदार्थहरु निकाल्ने, शालिग्रामको चोरी निकासी तथा विनास गर्ने लगायतका अन्य प्राकृतिक वहाव र पर्यावरण प्रतिकुल हुने गरी कुनै पनि कार्यहरु नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९(२)(क) वमोजिम अन्तरीम आदेश जारी गरेको जानाकारी २०७८ असार २९ गते प्राप्त भएकोकारण ठेक्का व्यवस्था नगरेको पालीकाले जनाएको छ ।

| उत्खनन् क्षेत्र | वार्षिक शिफारीस परिमाण घन फुट | वार्षिक राजश्व संकलन |
|---|---|---|
| बान्द्रे खोला | ५२४४१ क्यू फिट | ३१४६४८ |
| पातीखोला वगर क्षेत्र | ११५२१२ क्यू फिट | ६९१२७२ |
| सरस्वती डांडा क्षेत्र | ४२९४१८ क्यू फिट | २५७६५०९ |
| | ५९७०७१ | ३५८२४२९ |

उपरोक्त अनुसार पालीका क्षेत्र भित्रका उत्खनन् क्षेत्रमा ठेक्का नभएको अवस्थामा पालीकाले चोरी निकासी नियन्त्रणमा कुनै विधि अपनाएको देखिएन। यस बर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा पालीका भित्रका उपभोक्ता समितिबाट सन्चालित योजना संचालनमा आवश्यक पर्ने नदीजन्य पदार्थको खरिदको सप्लायर्सवाट रितपूर्वकको विल विजक नलिई ठाडो भरपाईमा नदीजन्य पदार्थ खरिद गरेको भरपाई पेश गरेको देखिदा चोरी निकासी नियन्त्रण भएको देखिदैन ।चोरी निकासी नियन्त्रण गरी नदिजन्य पदार्थको संरक्षण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४२.२ कार्यालयबाट पेश भएको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन २०८० मा सरस्वती डाँडा क्षेत्रमा वार्षिक १२१६० घन मिटर(४२९४१८ घन फिट) नदीजन्य पदार्थ उत्खनन् गरी वार्षिक रु.२५७६५०९। राजश्व असूल गर्न सकिने शिफारीस गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकनमा उक्त डाँडाक्षेत्रमा जे.सि.वि. लगाई ढुंगा गिटी (नदीजन्य पदार्थ) उत्खनन् गरी कालीगण्डकी करीडोरको साइडमा डिपोजिट समेत गरेको देखियो । नदीजन्य पदार्थ गाउंपालीकाको सम्पत्ती रहेको र स्थानीय तहको अनुमती वेगर कसैले उत्खनन् गर्न, प्रयोग गर्न र वेचविखन गर्न नपाउनेमा पालीकाले त्यस तर्फ अनुगमन गरी प्रतिवेदन लिएको देखिएन । लेखापरीक्षणको क्रममा पालीकावाट उक्त क्षेत्रको उत्खनन् कालीगण्डकी करीडोरको निर्माण व्यवसायीवाट भइ उत्पादित नदिजन्य परार्थ प्रयोग गरेको र पालिकावाट कुनै इजाजत समेत नलिएको भन्ने मौखिक जानाकारी प्राप्त भयो । उक्त कटीङ कार्यले कालिगन्डकी करीडोरको सडक र नया बन्ने पुललाइ समेत क्षति पुग्ने देखिन्छ। यस सम्वन्धमा सम्वन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । स्थलगत अवलोकनवाट लिइएको डांडाको अवस्था फोटोमा चित्रण गरिएको छ ।



सैद्धान्तिक बेरुजु

## ४३ परामर्स सेवा र डि पि आर

४३.१ बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| Consulting services for detail Engineering survey, cost estimation and report preparation of Dhuwa Khola Lifting Water Supply Project | Krishna Engineering and Design Consultany Pvt.Ltd. | ४१६९७९ | ४१६९७९ | ३७२५४८१९ |
| Bagar Khola Kakkhe sisne Irrigation Project Kaligandaki-05 Gulmi | Paurakhi Engineering and Management Services Pvt.Ltd | ४९४९४० | ४९४९४० | २३३७९७३१ |
| Bhutiya Lungring Irrigation Project Kaligandaki RM-05 Gulmi | | | | १५६४४३४४ |

उपरोक्त परमर्सदाताबाट तयार भएको प्रतिबेदन मध्ये बगरखोला र भुतिया सिचाइमा बजेट बिनियोजन भइ कार्यान्वियनमा आएको देखिएन। डि पि आर भएका योजना समयमा नै कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४३.२ परामर्श सम्बन्धी खर्चको विवरण

| क्र.सं. | परामर्श सेवाको विवरण | कूल खर्च रु | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | सडक यातायात गुरु योजना | १४९५५१५ | नभएको |
| २ | भु उपयोग तथा जग्गा वर्गीकरण | १४४२४४५ | नभएको |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्तिबाट गर्न सक्ने नसक्ने सम्बन्धमा निर्णय गरी आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट हुन नसक्यने कार्स्तोय मात्र बाह्य परामर्सदाताबाट गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४४ सफ्टवयर निर्माण

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले शौक्षिक गुणस्तर विकासका लागि शैक्षिक लग बुक सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १२५०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र.स. | सफ्टवेयरको नाम | प्रयोजन | खरिद वर्ष | खरिद रकम | यस नविकरण शुल्क रु | मर्मत।सेवा शुल्क रु | संचालन अवस्था | प्रयोग भएको शाखा |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुनासो एप्स | गुनासो व्यवस्थापन | 080/81 | 350000/- | सुरुको 2 आ.ब. निशूल्क गर्ने | - | सकिय | सुचना प्रविधि शाखा |
| 2 | दर्ता चलानी | दर्ता र चलानी | 079/80 | २५००००/- | १ वर्ष निशुल्क | - | सक्रिय | दर्ता चलानी शाखा |
| 3 | योजन सफ्टवेयर | योजना सम्बन्धी कामकाज | 079/80 | ४०००००/- | ४५ हजार | - | सक्रिय | योजना शाखा |
| 4 | व्यवसाय दर्ता | व्यवसाय सम्बन्धी कामकाम | 079/80 | २५००००/- | १ वर्ष निशुल्क | - | सक्रिय | राजश्व शाखा |

सैद्धान्तिक बेरुजु

## ४५ एमबुलेन्स सन्चालन र आय

४५.१ पालिकाबाट एम्बुलेन्स सञ्चालन खर्च सम्बन्धमा पेश भएको विवरण अनुसार चालकको तलव भत्ता बाहेक यस वर्ष रु १,६१,६०० आम्दानी र खर्च रु १,५४,४९३ भएको देखिन्छ।एम्बुलेन्स चालक आफैले विभिन्न ठाउँमा जाँदा तोकिएको दर असुल गर्ने र असुल रकम मध्ये इन्धन खर्च र मर्मत खर्च कटाई रजिस्टरमा आय र व्यय जनाउने गरेको देखियो। एम्बुलेन्स कहा कहिले कसको आदेशले

गएको हो सोको प्रमाणित अभिलेख कार्यालयले राखेको देखिएन। एम्बुलेन्स सञ्चालनको आदेश तोकिएको कर्मचारीबाट गरी आम्दानी नगदी रसिदबाट कार्यालयको खाताम जम्मा गर्ने ब्यबस्था हुनुपर्दछ। । चालकबाट पेश भएको अप्रमाणित विवरण अनुसार निम्न स्थानमा गएको रकम असुल नगरेकोमा चालकले पदाधिकारीहरुले छुट गरेको जनाएको छ। छुट दिनाको कारण सहितको प्रमाणित अभिलेख राखेको देखिएन। कारण र प्रमाणित अभिलेख बेगर निम्नानुसार छुट दिएको नियमित नदेखिएको रु

| मिति | एम्बुलेन्स गएको स्थान | रकम | कैफियत |
|---|---|---|---|
| २०८०।१२।०४ | बुटवल | ६७१० | उपाध्यक्ष |
| २०८१।१।२८ | पाल्पा | ५२०० | उपाध्यक्ष |
| २०८१।१।३१ | पाल्पा | ५२०० | उपाध्यक्ष |
| २०८१।२।४ | पाल्पा | ५२०० | उपाध्यक्ष |
| २०८१।२।१० | बुटवल | ६७१० | अध्यक्ष |
| २०८१।२।२३ | बुटवल | ६७१० | अध्यक्ष |
| २०८१।२।३२ | बुटवल | ६७१० | अध्यक्ष |
| २०८१।३।२ | पाल्पा | ५२०० | अध्यक्ष |
| जम्मा | | ४७६४०। | |

चालकबाट पेश भएको रजिष्टर अनुसार असुल गरिएको रकमको सम्बन्धमा पालिकाबाट अनुगमन गरी मौज्दात नगद रु ७१०७ असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,७४१ |

४५.२ पालिकाबाट एम्बुलेन्स चालकलाई मासिक रु २०००० का दरले वार्षिक रु २४००००। खर्च लेखेकोमा एम्बुलेन्स सन्चालनबाट यस बर्ष रु ७१०७ मात्र बचत गरेको र रु ४७१४० पदाधिकारीको मौखिक आदेशबाट छुट गरेको देखिएबाट आम्दानी खर्चको यथार्थ हिसाब राखि खर्च भन्दा आम्दानी बढाउने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ। यसरी आम्दानी भन्दा सञ्चालन खर्च (चालकको तलब समेत) बढी भएको अवस्थामा छुट दिने कार्य नियन्त्रण हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **बिपद ब्यबस्थापन**

विपत व्यवस्थापन कोषबाट खर्च गर्दा विपत व्यवस्थापन समितिको निर्णय अनुसार विपतजन्य क्रियाकलाप हावा, हुरी, चट्याङ, वाढी पैरो, आगो लागि जस्ता क्रियाकलापको खर्च भुक्तानी गर्नुपर्नेमा पालीकाले नमुना छनोटको आधारमा परिक्षण गर्दा योजना छनोटमा राखी पुंजीगतवाट गर्नुपर्ने पूर्वाधारका योजना तथा मर्मत शिर्षकवाट मर्मत गर्नुपर्ने योजना तथा कार्यक्रम समेत विपत व्यवस्थापन कोषको अवण्डा रकमवाट पटक पटक निर्णय गरी खर्च गरेको, विपत व्यवस्थापन कोषमा रु.२९५००००। विनियोजन गरी पुरै खर्च गरेकोमा अधिकाँश रकम विपत व्यवस्थापन वाहेक पुर्वाधार निर्माण र मर्मतमा खर्च गरेको देखिएकोले यस्तो खर्च नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं.र मिति | योजना / कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७६-०८०।९।१६ | पक्की नाली निर्माण उपल्लो वकेङ्ग | उप भोक्ता समिति | १२०००० |
| ८७- ०८०।९।२७६ | उपल्लो कुनौरा कुलो मर्मत | उप भोक्ता समिति | ६००००० |
| १२०- ०८०।१०।२२ | गा.पा.पछाडी गोरेटो वाटो निर्माण | उप भोक्ता समिति | १२९६०० |
| १६५- ०८०।११।२१ | वडा नं.१ को सिचाईको मूल्याङ्कनको वांकी रकम | उप भोक्ता समिति | १२९६०० |
| २१३- ०८०।१२।१४ | तल्लो कोरीङ्ग छापाचौर मोटर वाटो वाल निर्माण | उप भोक्ता समिति | १३५९७२२ |

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **प्राबिधिक मुल्यांकन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनको हाराहारी परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **प्राबिधिक कार्य मुल्यांकन** (155-२०८१-३-१२):

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राबिधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भए बमोजिम बास्तबिक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने ब्यबस्था छ। फोक्सिङ्ग सामुदायीक विद्युतीकरण उ.स.लाई ९ एम.एम. स्टिल टुलवार ४९ वटा भगवती स्टील ई.प्रा.लि.वाट रु.११४८१५२। मा खरिद गरी उपभोक्ता समितिलाई वुझाएकोमा खरीद गरिएका विद्युतपोलको ढुवानी, ज्याला सहितको पोल गाडेको प्रमाण पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ११,४८,१५२ |
|---|---|

४९ **ब्यबस्थापन खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समितीवाट कार्यान्वियन हुने योजनामा व्यवस्थापन खर्च दिने व्यवस्था गरेको छैन । पालीकाले यस वर्ष निम्नानुसारका योजनाका उपभोक्ता समितिलाई व्यवस्थापन खर्च वापत रु. ६००० समेत भुक्तानी गरेको देखिएकोले नियमावली विपरित भुक्तानी गरेको रकम असूल गर्नु पर्ने रु

| योजनाको नाम | उपभोक्ता समितिको नाम | व्यवस्थापन खर्च भुक्तानी |
|---|---|---|
| जोखुमचौर सिचाई योजना वडा नं.४ | जोखुमचौर सिचाई योजना उ.स. | २५००० |
| गिठावट भलेङ्ग मुरपारे सिचाई कुलो वडा नं.५ | गिठावट भलेङ्ग मुरपारे सिचाई कुलो उ.स. | २५००० |
| लम्करा मूल कुलो सिचाई वडा नं.५ | लम्करा मूल कुलो सिचाई वडा नं.५ उ स | १०००० |
| जम्मा | | ६०००० |

| असुल गर्नुपर्ने | ६०,००० |
|---|---|

५० **लागत सहभागिता**

लागत सहभागिताका योजना तथा कार्यक्रमहरु वर्षको शुरुमा नै वार्षिक योजना कितावमा समावेश गरी संचालित कार्यक्रममा कसको कति लगानी पर्ने हो सोको योजनागत विवरण सभावाट पास गरी एकिकृत लागत अनुमान अनुसार कार्य मुल्याङ्कन पश्चात खर्च पुष्टी हुने कागजात मध्ये हरेक खर्च वेहोर्ने पक्षले आफुले भुक्तानी गर्नुपर्ने खर्चका सक्कल विल भरपाई र अन्य पक्षवाट वेहोरेको रकमको खर्च पुष्टी गर्ने कागजातको प्रतिलिपी संलग्न गरी भुक्तानी गर्नुपर्नेमा यस वर्ष गाउंपालीका, नेपाल रेडक्रस सोसाइटी, सम्वन्धीत संस्था वा उपभोक्ता समितिको लागत सहभागीतामा संचालन हुने विभिन्न योजना तथा कार्यक्रमका लागी पालीकाले म्याचीङ्ग फण्डमा एकमुष्ट योजनाको विवरण वेगर रु.२५ लाख वजेट विनियोजन गरी रु.२५ लाख भरपाई राखी भुक्तानी गरेको देखियो । नमुना छनोटको आधारमा परीक्षण गरिएका कार्यक्रम निम्नानुसार छनः

| गो.भौ.नं. र मिति | योजना / कार्यक्रमको नाम | कुल ल.ई. | भुक्तानी रकम | संस्था/समुदायले वेहोर्ने | ने.रे.सोसाइटी | गा.पा म्याचिङ्ग फण्ड | कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| ८६-०८०।११२ | अवैनी स्वा.संस्था भवन निर्माण उ.स. | ५५७१२५२ | २४०६८०४ | ६१५१११(११.०४ प्रतिशत) | २४७८०३०(४४.४८ प्रतिशत) | २४७८१११.५५(४४.४३ प्रतिशत | ५५२३६०० |
| ८०।१।१२ | केन्द्र भवन निर्माण उ.स. | ११८३८४० | २०९०६१ | ६५३५२ | ९००३३८ | २१८१४९ | ११५१८८७ |
| ८३।१।१२ | रानीखर्क फुस्रे खा.पा.तथा सरसफाई उ.स. | ४२०६६६९ | ९३२८०३ | ३१६५०० | २०४९१५६ | १०१००५२ | ४०२९४७० |
| १०५।२।१८ | भुर्तुङ स्वा.संस्था निर्माण उ.स. | १३४४४६८ | १९३५१२ | ७५१८२ | १०५४१०८ | २१५०९८ | १३१८४३७ |
| १६०।३।१३ | आहाले कलौदी चापाखोर खा.पा.तथा सरसफाई उ.स | ३४१६१२४ | ५५५०५० | ९३१०५४ | १६६८४८२ | ८१६५९१ | आँशिक भुक्तानी |
| २४५।३।२४ | खड्ककोट स्वा.संस्था भवन नि.उ.स. | ९४८४८३२ | १३७२५४२ | ९४९१६६ | ६०३४८४८ | २५००८१७ | ४४१५४१७ (आँशिक भुक्तानी) |

सैद्धान्तिक बेरुजु

५१ **तोलाकोट वाख्रा पालन समूह** (१८४-२०८१-३-२१):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी दिन रितपुगे नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उपयुक्त प्रविधिमा पहुंच हस्तान्तरण कार्यक्रममा २१ वटा वाख्रा खरिद गरी तोलाकोट वाख्रा पालन लघुउद्यमी समूहका १६ जना र तुपुङ्ग वाख्रा पालन लघु उद्यम समूहका ५ जनालाइ बितरण गरेको भनी ढुवानी, यातायात र प्रतिवेदन खर्च समेत रु.१५६५०० उद्यम विकास सहायक मिरा श्रीस वुढा लाई सोधभर्ना भुक्तानी गरेको देखियो। उक्त कार्यक्रमबाट बिगत बर्ष र यस बर्ष समेत बितरण गरेको लाभग्राहीको अभिलेख र बितरित बाख्राको पहिचान खुल्ने ट्याग लगाइ बिमा समेत गरेको देखिएन।कार्यालयले यस्ता कार्यक्रममा बितरण गरेका बाख्राको अबस्थाको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५२ **सोधभर्नाहुने खर्च** (९९-२०८०-१०-७):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमानको आधार खुलाई लागत अनुमान अनुसूची-१ (क) को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । नियमको अनुसूची १(क) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा राख्नुपर्ने खर्चको विवरण तोकेको छ । जस अनुसार शिर्षक १ मा जनशक्तिको पारीश्रमिक, शिर्षक २ मा भ्रमण वसोवास मालसामान वा उपकरण सेवा लगायतका सोधभर्ना हुने खर्च, शिर्षक ३ मा फुटकर खर्च उल्लेख गरेको छ । अनुसूचीको ख मा पारीश्रमिक खर्च, सोधभर्ना हुने खर्च, र अन्य फुटकर खर्च को विस्तृत विवरण तयार गरी लागत अनुमान साथ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भुक्तानी गरेका परामर्श सेवा खर्च मध्ये नमुना छनोटको आधारमा परीक्षण गर्दा निम्नानुसारको परामर्स सेवाको लागत अनुमान मा सोधभर्ना हुने खर्च र फुटकर खर्चको विस्तृत विवरण नराखी लमसममा खर्च शिर्षकमा विज्ञको पारिश्रमिकको कुल लागतको प्रतिशतको आधारमा राखेको र सोही वमोजिम एकमुष्ठ रकम भुक्तानी गरेको देखियो । यस्ता सोधभर्ना हुने खर्चलाई विस्तृत विवरण सहित वास्तविक खर्चका विल भरपाई अनुसार सोधभर्ना गर्नु पर्नेमा विस्तृत विवरण वेगर विज्ञको पारीश्रमिकको कुल खर्च को प्रतिशतको आधारमा लमसममा राखी छुट विल भरपाई वेगर प्रस्तावको आधारमा विल भरपाई वेगर भुक्तानी गर्दा वास्तवीक लागत भन्दा वढी व्ययभार पारेको रु.

| गो.भौ.नं.र मिति | परमर्श सेवा | परामर्श दाता | सोधभर्ना हुने खर्च विवरण | लागत अनुमान र प्रस्ताव अनुसार मु.अ.कर वाहेक रकम लमसममा | भुक्तानी रकम मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| ९९-०८०।१०।७ | सडक यातायात गुरुयोजना निर्माण | इनोभेटिभ इन्जिनियरीङ्ग सर्भिसेज प्रा.लि. | व्यक्तिगत यातायात खर्च | १४२३१७ | ४२६९५२ |
| | | | सर्भेको टुल्स र उपकरण | ६९२६१ | |
| | | | स्टेशनरी र लजिकल सपोर्ट | ७१३७७ | |
| | | | संचार, प्रिन्टिङ्ग र मिटीङ्ग, प्रस्तुतीकरण | ९४८७८ | |
| ४६९-०८१।३।१९ | गुनासो सुनुवाई, सफ्टवयर निर्माण | एम.एस.पि. सोलुसन प्रा.लि. | गाउपालिका प्रतिवेदन प्रस्तुतीकरण | १०००० | ५१०२७ |
| | | | प्रिन्टिङ्ग, संचार र यातायात खर्च | ८१५७ | |
| | | | एप स्टोर र प्ले स्टोर | २७००० | |
| | | | जम्मा | ४२२९९० | ४७७९७९ |

| अनियमित भएको | ४,७७,९७९ |
|---|---|

५३ **घटी रोयल्टी**

लुम्बिनि प्रदेश आर्थिक ऐन २०७८ मा स्थानियतहको कार्यक्षेत्र भित्रको नदिजन्य पदार्थको रोयल्टी स्थानियतहले असुल गर्नुपर्ने ब्यबस्था छ। कोरीङ्ग आधारभूत विद्यालय कक्षा कोठा निर्माण वापत उपभोक्ता समितिलाई रु.१९२००००। भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन अनुसार मुल्याङ्कन भएको स्टोन सोलिङ्ग १६.५२ घ.मी., पि.सी.सी.१:३:६- १२ घ.मी., आर.सी.सी – २५.५६ घ.मी., स्टोन मेशनरी १:४ -८ घ.मी., व्रिक मेशनरी १:४-१६ घ.मी. र १२ एम.एम.प्लाष्टर ३१२ वर्ग मीटर मा खपत भएको २९ घ.मी.वालुवा, ३३ घ.मी.गिटी र २७ घ.मी.ढुंगाको प्रदेश आर्थिक ऐन अनुसार प्रति घ.मि.रु.२११।६८ का दरले ८९ घ.मी.को रु.१८८४०। रोयल्टी तिर्नुपर्नेमा गाउंपालिका वडा नं.४ को नदीजन्य पदार्थ विक्रीको रसिदवाट वालुवा ७ ट्याक्टरको प्रति ट्याक्टर रु.७०० का दरले रु.४९००। मात्र वुझाएको प्रमाण पेश गरेकोले घटी रोयल्टी रु.१३९४०। असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,९४० |

## ५४ **१५ शैयाको अस्पताल निर्माण**

५४.१ १५ शैयाको अस्पताल निर्माण कार्यको प्रोभिजनल सम र मू.अ.कर समेत रु.१२३७१९३२९।९३ मा २०८०।१२।१७ भित्र कार्य सम्पन्न गर्नेगरी २०७८।१२।१५ मा निर्माण व्यवसायी महादेव खिम्ती श्रेष्ठ अन्जना जे.भि.संग सम्झौता भई यस वर्ष तेस्रो रनिङ्ग विल सम्म रु.३५५८०२९०।१९ कार्य मूल्याङ्कन भई (वित्तीय प्रगति २८.७५ प्रतिशत) भुक्तानी भएकोमा निम्नानुसार देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४.२ निर्माण कार्यको शुरु सम्झौताको म्याद २०८०।१२।१७ रहेकोमा प्रथम पटक २०८१।२।२४ सम्म र दोस्रो पटक सार्वजनिक खरिद नियमावली, २०६४ को १३ औं संशोधनको नियम १२० (क) अनुसार २०८३।३।३० सम्म म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसायीवाट पेश भएको वर्क सेड्डुल अनुसार RCC कार्य २०८२ असार, टायल मार्वल २०८२ कार्तिक र पलम्विङ्ग २०८२ पौष सम्म सम्पन्न गरीसक्नु पर्ने देखिन्छ । हाल सम्म वित्तीय प्रगति २८.७५ मात्र देखिदा उक्त निर्माण कार्यको म्याद थप भएको समय सिमा भित्र सम्पन्न गराउन सम्वन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४.३ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रोभिजनल समको भुक्तानी गर्दा जुन कामको लागी PIS राखिएको हो सो काम पुष्टी हुने प्रमाण सहित साइड इन्जिनियरको पुष्ट्याई सहित पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले यस वर्ष तेस्रो विलवाट निर्माण स्थलमा प्रयोग हुने पानी र विद्युतीकरण र सोमा प्रयोग हुने डिजेल जेनेरेटरको खर्च रु.१०००००। लाख भुक्तानी गरेकोमा उक्त खर्चको निर्माण व्यवसायी महादेव/ खिम्ती/ श्रेष्ठ / अन्जना जे.भि.को पाटर्नर श्रेष्ठ कन्ट्रक्सन सेवाको २०८१।३।१९ मा रु.१०५०००। भुक्तानी गरेको कर विजक पेश गरेको देखियो । उक्त कार्य प्राविधिकको निर्देशनमा भएको हो होइन सोको प्राविधिक पुष्ट्याई र खर्च पुष्टी हुने विल भरपाई पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ५५ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लोगो लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सशर्त बजेट उप शिर्षकबाट रु ९९५५७९ को औषधि देहायको फर्मसंग E-bidding बाट खरिद गरेको देखिन्छ। पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्रम | स्रोत तथा कार्यक्रम | गो भौ नं। मिति | लागत अनुमान | खरिद मूल्य | सप्लायर्स | विवण सझै खरिद वा टेण्डरवाट हो खुलाउने |
|---|---|---|---|---|---|---|
| 1 | सशर्त र गाउँपालिका औषधि खरिद | भौचर नं 46 2080/10/25 | 2346576.24 | 995579 | शिव शक्ति मेडिकल स्टोर | **E-Bidding** |

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

५६ सम्परीक्षण र बेरुजु लगत

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७९/८० सम्मको बाँकी बेरुजु फस्र्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **कालीगण्डकी गाउँपालिका, गुल्मी** को २०८०/८१ सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १५९५९८००० | ० | १०८१९४७५ | ० | १७०४१७४७५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कालीगण्डकी गाउँपालिका, गुल्मी , कालीगण्डकी गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Naresh Giri | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Hobnath Poudel | २०७९-५-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३६२,६१३ | ९,००८,७१० | १,४४८,१५२ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | १०,८१९,४७५ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १९७२१९८२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२०५१४४८५ | चालु खर्च | ३२७२१११६० |
| प्रदेश सरकारबाट अनुदान | २५७३७६०५ | पूँजीगत खर्च | १२६५४१४७७ |
| राजश्व बाँडफाँट | ७२५८२९०३ | वित्तीय/अन्य व्यवस्था | १३६७४३१८२ |
| आन्तरिक आय | ३६५३९०१६ | | |
| अन्य आय | १३८२१३४८१ | | |
| कुल आय | ५९३५८७४९० | कुल खर्च | ५९०४९५८१९ |
| बाँकी मौज्दात | | २२८१३६५३ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | अन्य विषयहरू | अन्य विषयहरू |
| २ | पेश्की व्यवस्थापन | पेश्की व्यवस्थापन |
| ३ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ४ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम तथा अनुदान व्यवस्थापन | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम तथा अनुदान व्यवस्थापन |
| ६ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ७ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ८ | सामाजिक सुरक्षा भत्ता वितरण | सामाजिक सुरक्षा भत्ता वितरण |
| ९ | खर्चको नियमितता तथा मितव्ययिता | खर्चको नियमितता तथा मितव्ययिता |
| १० | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ११ | राजस्व तथा आन्तरिक आय | राजस्व तथा आन्तरिक आय |
| १२ | उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजना | खरिद व्यवस्थापन |
| १३ | परामर्श सेवा : | खरिद व्यवस्थापन |